राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## केन्द्रीय कार्यालय
## मानव संशाधन विभागको
## सहायक स्तर तह ४ का लागि Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७५।१२।२२)

यस बैंकको रिक्त रहेका तह ४ सहायक तथा सहायक (नगद) पदमा लोक सेवा आयोगको सहमति अनुसार खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका तथा कुनै बात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०७५।१२।२२ गते देखि Online दरखास्त फाराम भर्न आह्वान गरिएको छ । बैंकले तोकेको Online दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सक्रृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र पासपोर्ट साईजको फोटो अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ । नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानमा कार्यरत उम्मेदवारहरुले विभागीय स्वीकृति समेत अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका Online दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै नेपाल सरकार वा कुनै संगठित संस्था वा बैंक / वित्तीय संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको, नेपाल राष्ट्र बैंकले जारी गरेको नियमन तथा निर्देशन अनुसार बैंक / वित्तीय संस्थाको कुनै पदमा नियुक्ति हुन अयोग्य हुने भनी तोकिएको व्यक्ति, बैंक/ वित्तीय संस्थाको ऋण नतिरी कालो सूचिमा परेको व्यक्ति, तोकिएको पदमा तोकिएको उमेर नपुगेको वा उमेरको हद नाघेको व्यक्ति र मानसिक सन्तुलन ठिक नभएको उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

परीक्षा दस्तुर समेत Online मार्फत RBB Mobile Banking वा e-Sewa बाट बुझाउनु पर्नेछ । अन्य माध्यमबाट परीक्षा दस्तुर बुझ्ने व्यवस्था नरहेको तथा यसरी Online मार्फत RBB Mobile Banking वा e-Sewa बाट परीक्षा दस्तुर बुझाउंदा परीक्षा दस्तुर बाहेक अन्य दस्तुर नलाग्ने व्यहोरा समेत यसैं सूचनाबाट जानकारी गराइन्छ ।

तपसिल

१) विज्ञापन नं., कार्यालय, तह, पद, सेवा, समूह र आवश्यक पद संख्या :

| सि. नं. | विज्ञापन नं. | कार्यालय | तह | पद | सेवा /समूह | पद संख्या | खुला | समावेशी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| १ | ६२।२०७५।७६ | प्रदेश १ र सो अन्तर्गतका कार्यालय | | | | ५१ | २८ | ८ | ६ | ५ | २ | १ | १ |
| २ | ६३।२०७५।७६ | प्रदेश २ र सो अन्तर्गतका कार्यालय | | | | ३२ | १८ | ४ | ४ | ३ | १ | १ | १ |
| ३ | ६४।२०७५।७६ | के.का., प्रदेश ३ र सो अन्तर्गतका कार्यालय | | | | ५३ | २९ | ८ | ७ | ५ | २ | १ | १ |
| ४ | ६५।२०७५।७६ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | ४ | सहायक | प्रशासन/ प्रशासन | २९ | १६ | ४ | ३ | ३ | १ | १ | १ |
| ५ | ६६।२०७५।७६ | प्रदेश ५ र सो अन्तर्गतका कार्यालय | | | | ३६ | २० | ५ | ४ | ४ | १ | १ | १ |
| ६ | ६७।२०७५।७६ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | १६ | ९ | २ | २ | २ | १ | – | – |
| ७ | ६८।२०७५।७६ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | २२ | १२ | ३ | ३ | २ | १ | १ | – |
| ८ | ६९।२०७५।७६ | प्रदेश १ र सो अन्तर्गतका कार्यालय | | | | १५ | ८ | २ | २ | २ | १ | – | – |
| ९ | ७०।२०७५।७६ | प्रदेश २ र सो अन्तर्गतका कार्यालय | | | | १० | ६ | १ | १ | १ | १ | – | – |
| १० | ७१।२०७५।७६ | के.का., प्रदेश ३ र सो अन्तर्गतका कार्यालय | | | | १५ | ८ | २ | २ | २ | १ | – | – |
| ११ | ७२।२०७५।७६ | गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय | ४ | सहायक (नगद) | प्रशासन/ नगद | ८ | ४ | १ | १ | १ | १ | – | – |
| १२ | ७३।२०७५।७६ | प्रदेश ५ र सो अन्तर्गतका कार्यालय | | | | ११ | ६ | २ | १ | १ | १ | – | – |
| १३ | ७४।२०७५।७६ | कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ५ | ३ | १ | १ | – | – | – | – |
| १४ | ७५।२०७५।७६ | सु.प. प्रदेश र सो अन्तर्गतका कार्यालय | | | | ६ | ३ | १ | १ | १ | – | – | – |

(२) सेवाको किसिम :– स्थायी ।

(३) आवश्यक न्यूनतम शैक्षिक योग्यता :– उपरोक्त विज्ञापनका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट दश जोड दुई (१०+२) वा सो सरहको योग्यता हासिल गरेको ।

(४) दरखास्तको आधार :– समावेशी समूहको लागि छुट्याइएको पदमा online दरखांस्त दिने उम्मेदवारले देहायको आधारमा दरखास्त दिनु पर्नेछ ।

(क) आदिवासी / जनजातीका हकमा नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो ऐनको सूचीको आधारमा, तर नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको प्रमाणपत्र दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउं पालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको प्रमाणपत्र दरखास्त साथ अनिवार्य रुपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(५) तलव तथा अन्य सुविधा :– बैंकको प्रचलित नियम अनुसार ।

(६) उम्मेदवारको उमेर :– Online दरखास्त दिने अन्तिम मिति (अर्थात २०७६।०१।१२ गते) सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । (महिला तथा अपाङ्गता भएका व्यक्तिका हकमा ४० वर्ष सम्म उम्मेदवार हुन सक्नेछ ।)

(७) उम्मेदवारको छनौट विधि :– लिखित तथा अन्तर्वार्ता ।

(८) अन्य सेवा शर्त :– राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७० बमोजिम ।

(९) परीक्षणकाल अवधि : महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

(१०) पदस्थापन :– उपरोक्त विज्ञापन अनुसार नियुक्त हुने कर्मचारीहरुलाई सम्बन्धित प्रदेश र सो अन्तर्गतका शाखा कार्यालयहरुमा कम्तिमा ७ वर्ष कामकाज गर्ने गरी पदस्थापन गरिनेछ ।

(११) Online दरखास्त फाराम भर्न राष्ट्रिय वाणिज्य बैंकको वेब साइट https://recruitment.rbb.com.np मा गई त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

(१२) परीक्षा दस्तुर :– खुला समूहका लागि रु.५००।– (पांच सय) र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु.१००।– (एक सय) । (कुनै एक समावेशी समूहकालागि मात्र भरेमा रु.५००।– (पांच सय) तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु.१००।–(एक सय) ।

(१३) परीक्षा दस्तुर बुझाउने प्रक्रिया :- Online दरखास्त फाराम Submit गरे पश्चात View all Vacancies मा Click गरी आफुले Apply गरेको सम्बन्धित विज्ञापनको Payment Option मा गई RBB Mobile Banking वा e-Sewa मार्फत तोकिए बमोजिमको परीक्षा दस्तुर बुझाउनु पर्नेछ । यसरी परीक्षा दस्तुर बुझाउंदा एक भन्दा बढी विज्ञापनमा दरखास्त फाराम भर्ने उम्मेदवारले हरेक विज्ञापनका लागि छुट्टा छुट्टै दस्तुर बुझाउनु पर्नेछ ।

Online दरखास्त फाराम Submit गरे पश्चात "Form has been Submited", परीक्षा दस्तुर भुक्तानी भए पश्चात "Payment Successfully Received", भरिएको फर्म स्वीकृत भए पछि "....has been Approved" र भरिएको फर्म अस्वीकृत भएमा "....has been Cancelled" भन्ने SMS फाराम भर्दा दिईएंको मोवाइल मार्फत प्राप्त हुनेछ । सो अनुरुपको SMS प्राप्त भए नभएको सम्बन्धमा सम्वन्धित दरखास्तवालाले एकिन गर्नु पर्नेछ ।

(१४) Online दरखास्तफाराम भर्ने मिति:– Online दरखास्त फाराम शुरु हुने मिति २०७५।१२।२२ गतेले २१ दिन(अर्थात मिति २०७६।०१।१२ गते) भित्र र दोब्बर दस्तुर तिरी थप ७ दिन (अर्थात मिति २०७६।०१।१९ गते) सम्म ।

(१५) लिखित परीक्षा सञ्चालन हुने स्थान :– प्रदेश १ का लागि प्रकाशित विज्ञापनहरुको धनकुटा, प्रदेश २ का लागि प्रकाशित विज्ञापनहरुको जनकपुर, प्रदेश ३ का लागि प्रकाशित विज्ञापनहरुको काठमाण्डौ, गण्डकी प्रदेशका लागि प्रकाशित विज्ञापनहरुको पोखरा, प्रदेश ५ का लागि प्रकाशित विज्ञापनहरुको बुटवल, कर्णाली प्रदेशका लागि प्रकाशित विज्ञापनहरुको सुर्खेत र सुदुर पश्चिम प्रदेशका लागि प्रकाशित विज्ञापनहरुको महेन्द्रनगर । माथि उल्लेखित स्थानका लोक सेवा आयोगका कार्यालयहरुले तोके बमोजिमका परीक्षा केन्द्रहरुमा सञ्चालन हुनेछ ।

(१६) परीक्षा सञ्चालन हुने मिति :– सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

(१७) एउटा पदको लिखित परीक्षा एकै दिन र एकै समयमा हुनेछ । एउटै पदका एक भन्दा बढी विज्ञापनहरुहरुमा दरखास्त फाराम भर्ने उम्मेदवारहरुले कुनै एउटा विज्ञापनको लिखित परीक्षामा मात्र सहभागी हुन सक्नेछन् ।

(१८) लिखित परीक्षाको पाठ्यक्रम राष्ट्रिय वाणिज्य बैंकको Website: www.rbb.com.np को Notice भित्र Career Notice मा राखिएको छ ।

(१९) उपरोक्त पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

(२०) माथि उल्लेखित विज्ञापनहरुमा काम गर्न इच्छुक जुनसुकै नेपाली नागरिकहरुले Online दरखास्त फाराम भर्न सक्नेछन् ।

(२१) शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, अनुभव, सेवा अवधि सम्वन्धि तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (२०७६।०१।१२) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।

(२२) आवेदन स्वीकृत, अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ ।

(२३) Online दरखास्त फाराम भर्दा अस्पष्ट भएमा यस विभागको टेलिफोन नं. ०१४२५२५९५ एक्सटेन्सन नं. : ३५४९, ३५४८, ३५४५ वा ३५१७ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय

सदस्य सचिव

**पदपूर्ति समिति**